# कवि मोतीराम भट्टका विविध आयाम र रसाभिव्यक्ति

❑ अम्बिकाप्रसाद डाँगी
उपप्राध्यापकः महेन्द्र बहुमुखी क्याम्पस, दाङ
Email : ambikaprasaddangi@gmail.com
ORCID ID: https://orcid.org/0009-0009-9145-5433

**सारसंक्षेप**

*यस लेखमा कवि मोतीराम भट्टका जीवनका विविध आयाम र उनका प्रबन्धकाव्यमा प्रयुक्त रसभावहरूमध्ये अङ्गी रसका रुपमा रहेका शृङ्गार रस र भक्ति रसको सङ्क्षेपमा अध्ययन गरिएको छ। यसै सिलसिलामा प्रबन्धकाव्यकार मोतीरामका विविध आयामअन्तर्गत उनको जीवनीगत पृष्ठभूमिको चर्चा गरिनुका साथै नेपाली भाषा साहित्यको संरक्षण र उत्थानका लागि भए गरेका कार्यका आधारमा कवि, नाटककार, सम्पादक, प्रबन्धक, समोलोचक, पत्रकार, जीवनीकार, गजलकार, प्रकाशक, सर्जक आदि व्यक्तित्वको चर्चा गरिएको छ । त्यसै गरी मोतीरामका पिकदूत, गजेन्द्रमोक्ष र प्रह्लादभक्ति कथा प्रबन्धकाव्यका केही श्लोकहरूलाई नमूनाका रुपमा लिएर शृङ्गार रस र भक्ति रसको वर्णनात्मक रुपमा अध्ययन गरी अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्द कुञ्जी :** समस्यापूर्ति, गुणगायक, सामूहिक प्रयत्नकर्ता, रसाभिव्यक्ति, कामजन्य पीडा, पटके यौनपिपासु।

## १.१ विषय प्रवेश

आमा रिपुमर्दिनी र बुबा दयारामबाट तेस्रो सन्तानका रुपमा जन्म लिएका मोतीराम भट्ट (१९२३–१९५३) माध्यमिककालीन नेपाली साहित्यका प्रमुख नायक हुन्। कान्तिपुरको पूर्वमा रहेको श्रीमहांकाल भैरवका मन्दिरदेखि पश्चिममा रहेको भोसिकोटोलमा उपाध्याय ब्राह्मण कूलमा जन्मिएका मोतीरामका दाजु र दिदीको मृत्यु भइसकेको थियो त्यसैले यिनले परिवारबाट निकै प्यार पाएका थिए। यिनीभन्दा अग्रज दाजु दिदीको मृत्यु भएकाले यिनको नाकको दायाँ पोरा छेडिएको थियो । त्यसैले कतिपयले यिनलाई छोरी भनेर पनि जिस्क्याउने गर्दथे (पाण्डे, २०५० : ८)। यिनी बाल्यकालमै निकै गम्भीर स्वभावका थिए। अन्य बालबच्चाहरूको जस्तो चञ्चलता, जिद्दी, अटेरी, बद्मासी केही थिएन। यिनको स्वभाव शान्त भएकाले आन्य साथीहरू झगडा भएको ठाउँमा जान डराउँथे।

मोतीराम भट्ट पाँच वर्ष पुग्दा पिता दयाराम आफ्नी माहिली आमाको सेवा शुश्रुषा गर्न काँशी गएका थिए। उनकी माहिली आमाको कुनै छोराछोरी नभएकाले सेवा गर्ने जिम्मेवारीबोधका साथ पिता दयाराम काँशीवास गएका थिए। बुबा दयाराम काशीवास गएको वर्षदिन पछि ६ वर्षका मोतीरामलाई लिएर रिमुमर्दनी पनि काँशीवासमा २०२८ मा गएकी थिइन्। मोतीरामको उपनयन आठ वर्षको उमेरमा काशीमै भएको थियो। त्यहाँ मोतीरामले तीन चार वर्ष संस्कृतको अध्ययन गरे पनि त्यतिबेला बनारसमा ज्यादाजसो उर्दूमै लेखापढी हुने भएकाले उनलाई पनि फारसी स्कुलमा भर्ना गरियो (पाण्डेय, २०५० : ९)। फारसी साहित्य निकै रसमय भएकाले यिनी निकै मन दिएर पढ्न थाले। भट्ट आफैं पनि रसिक व्यक्ति भएकाले विभिन्न प्रकारका रस्वादनहरू पनि चाँडै भयो।

मानिसमा अन्तर्निहित प्रतिभा प्रष्फुटनका लागि वातावरणको पनि आवश्यकता पर्दछ। मोतीरामले बनारसमा ६ वर्षको उमेरमै यस्तो अवसर नपाएको भए सायद उनको जीवनले अर्कै मोड लिन्थ्यो। संसर्गले बालकलाई मेघावी बन्न सघाउँछ। मोतीरामले बनारस पुगेपछि नयाँ संसार एवम् वातावरणको अनुभव

प्राप्त गरे । काँशीमा विभिन्न स्थानबाट घाम छल्न तथा तिर्थाटन गर्न, आएका मानिसहरूसँग मोतीरामले संस्कृत, उर्दू र हिन्दी भाषामा व्यवहार गर्नु परेकाले उनमा यी भाषाको विकास र मोह बढ्दै गयो (असिम, २०३९ : ३३२)। मोतीरामको मसिनो र सुरिलो स्वर थियो त्यसैले उनको रुचि सङ्गीतमा पनि थियो। त्यहाँ उनले सितार पनि बजाउन सिकेका थिए। मोतीराम १५ वर्षको उमेरमा नेपालमा फर्किए र विवाह पनि गरे। एक वर्ष जति नेपालमा बसेपछि फेरि १९३८ मा बनारसमा गए। १६ वर्षे यौवनमा चढेका मोतीरामलाई उनको जवानीले कुनै खराव उन्मादमा धकेलेन । उनले काँशीमा रहँदा समकालीन साथीहरू काँशीनाथ, रङ्गनाथ, चेतनाथ, तेजबहादुर आदि दोस्तीहरूलाई जम्मा पारेर समस्यापूर्ति कविता लेख्न थाले र नेपाली भाषाको सेवा गर्नेतिर अग्रसर भए। यति नै बेला उनले मनोद्वेगप्रवाह, कविता सङ्ग्रह पनि तयार पारे। उनी केही समय अङ्ग्रेजी स्कुलमा पनि भर्ना भए तर खास्सै चित्त बुझेन । उनीसँग नेपाली भाषाको सेवा गर्ने तीव्र चाहना भएकाले एकजना सम्पन्न साथी रामकृष्ण बर्मालाई 'भारत जीवन' छापाखाना स्थापना गर्न लगाई उनी त्यसका प्रबन्धक पनि बने। उनी प्रबन्धक बन्नुको मुख्य लक्ष्य पैसा र नाम कमाउनु भन्दा पनि नेपाली भाषा साहित्यको सेवा गर्नु थियो। त्यसैले त्यही प्रेसबाट भानुभक्तको रामायणको बालकाण्ड १८४१ मा २०० प्रति छपाएर त्यहाँ बस्ने नेपालीको हातहातमा पुर्याए। उक्त पुस्तक प्रकाशन हुने वित्तिकै बेलायतको राजधानी लण्डनमा पठाएर 'नेपाली भाषाको पहिलो संस्करण' भनी जानकारी दिए साथै बाँकी रामायणका सातवटै काण्डहरू पनि छपाए। भानुभक्तले रामायण लेखेका थिए तर ती इतिहासको गर्भमा लुप्त हुँदै थिए तर तिनलाई खोजिनिति गरी आकारप्रकार दिएर जगाउने र मगमगाउने कार्य मोतीरामले नै गरे । उनले अन्य केही कविहरूका रचनाहरू पनि छपाए। उनी आफैं पनि सर्जक थिए त्यसैले आफूले पनि धाराप्रवाहरुपमा सिर्जना गरिरहे (असिम, २०३९ : ३३४०) । उनका हालसम्मा प्रकाशित एवम् जानकारीमा आएका रचनाहरूको सङ्ख्या २४ वटा छन्। उनका प्रकाशित रचनाहरूमा उखानको बयान, उषाचरित्र, कमल भ्रमर संवाद, कलिमहिमा, गजेन्द्रमोक्ष, गफाष्टक, तीजको कथा, चानक्यनीति दर्पण, पञ्चकप्रपञ्च, पिकदूत, प्रह्लादभक्ति कथा, प्रियदर्शिका, भानुभक्तको जीवन चरित्र, मोतीराम भट्टका गजलहरू, मनोद्वेगप्रवाह, शुकनौति, सत्यहरिश्चन्द्र कथा, स्वप्नाध्याय, छन् भने नरदेवले मोतीरामले लेखेको जानकारी दिएका तर प्रकाशितरुपमा वा पाण्डुलिपिका रुपमा फेला पर्न नसकिएका रचनाहरूमा अनुप्रास मञ्जरी, काँशीराज चन्द्रसेन (अपूर्ण), गुलसनोवर, पद्यावती नाटक, बालाजी वर्णन, रसचन्द्रोदय वर्णन, शकुन्तला नाटक, हुस्न अफरोज आराम दिल नाटक (उर्दूमा) छन् (मोती स्मृति ग्रन्थ, २०३९ : ग)। मोतीरामले छाटो जीवनकालमा पनि यति धेरै रचनाहरूको लेखन सम्पादन गर्नु निकै महत्त्वपूर्ण पक्ष हो।

बनारसमा करिव आठ वर्ष विताएर नेपालमा आएका मोतीरामले १५ वर्षकै उमेरमा विवाह गरेपछि एकवर्षजति नेपालमै बसे । बढ्दो उमेरसँगै मोतीराममा चेतनाको विकास पनि भैसकेको थियो । उनमा राष्ट्रप्रेम, संस्कृतिप्रेम, र भाषाप्रेमको भावना जागृत भइसकेको थियो। यस समयमा उनले मीठा मीठा गीत, कविता, भजन र गजलहरू टोलछिमेकमा सुन्ने अवसर पाए। नरनारीका बीचमा लामो समयसम्म घमासान चलेका दोहोरी/जुहारी र युगल गीतहरू पनि सुन्ने अवसर पाए। यही समयमा छिमेकी खड्कदत्त पाण्डेको विहेमा मोतीराम पनि जन्त गएका थिए। उनले विहेमा गएको बेलामा रातभरि कवितामै जुहारी खेलेको देखेपछि नेपालीमा पनि यति राम्रो कविता लेखिंदो रहेछ भन्ने अनुभव गरे। ती सुन्दर जुहारीका श्लोकहरू लेख्ने व्यक्ति भानुभक्त आचार्य हुन् भन्ने जानकारी पाएपछि वास्तवमा भानुभक्त को हुन् ? र के के लेखेका छन् ? भन्ने कुराको खोजीमा लागे (प्रसाई, २०५४ : ४३)। यी दुवै व्यक्तिको साहित्यिक उठानलाई हेर्दा

भानुभक्तले मोतीरामलाई पाए र मोतीरामले भानुभक्तलाई भेट्टाए। यदि भानुभक्त र उनका रचनाका बारेमा खोजीनीति नगरेका भए भानुभक्त आजका मूल्यवान् भानुभक्त हुने थिएनन् र मोतीराम पनि मोतीराम हुने थिएनन् । वास्तवमा एकले अर्कोलाई जन्माउने काम भयो भन्दा पनि हुन्छ । भानुभक्तका श्लोकहरू यत्र तत्र सुन्दै गए पछि मोतीरामले ती सबै सामग्रीको खोजी गर्न थाले र प्राप्त सामग्रीलाई क्रमशः प्रकाशन गर्न थाले। वि.सं.१९३८ मा पुनः बनारसमा गएर ‘भारत जीवन’ छापाखानासँग सम्बन्धित भई केही रचनाहरू प्रकाशित गरेपछि भट्ट फेरि १९४४ मा नेपालमा फर्किएर र काठमाडौंको ठहिटीमा मामा नरदेव पाण्डे र कृष्णदेव पाण्डेको सहयोग लिएर मोतीकृष्ण कम्पनी पनि खाले र त्यही बेला पुस्तकालय पनि खोले । काठमाडौंमा रहँदा उनले ‘ल्याऊ ल्याऊ औंठी म दिन्छु राख तिमीले निसाना भनी’ समस्यापूर्ति शीर्षक दिएर पहिलो पल्ट समस्यापूर्ति रचना लेखनको थालनी गरे। पाँचजना कविहरू मिलेर लेख्दा जम्मा २४ श्लोक समस्यापूर्ति रचना निर्माण भए। थौरै सङ्ख्यामा श्लोकहरू भएकाले सङ्ग्रह निकाल्ने योजना सफल हुन सकेन (प्रसाईं, २०५४: ४४) । यही समयमा उनले दरवार हाइस्कुलबाट प्रवेशिका (१९४८) उत्तीर्ण गरे र एफ.ए. अध्ययनका लागि कलकत्ता गए। यही समयमा मोतीराम कलकत्तामै १९५२ म विरामी परे र रुग्न शरीर लिएर नेपालमा फर्किए। बिरामी भएर करिव ५ महिना ओछ्यानमा परेपछि वि. सं. १९५३ मा कुशेऔंशीको दिनमा ३० वर्षको उमेरमा उनको निधन भयो।

मोतीरामको जीवनकाल ३० वर्ष भए पनि साहित्यिक दृष्टिले केवल १४/१५ वर्ष मात्र उपयोग भएको देखिन्छ । युवाकालको अल्लारे वैंसको समयमा पनि भट्टले निकै महत्त्वपूर्ण कार्य गरेका छन् । उनका जीवनका व्यक्तित्वका आयामहरूलाई सङ्क्षेपमा निम्नानुसार हेर्न सकिन्छः

### **१.१.१ कवि व्यक्तित्व**

मोतीराम भट्टका कविता काव्यमा धार्मिक, सामाजिक, पौराणिक आदि विविध विषयवस्तु अटाएका छन् । यिनले भानुभक्त आचार्यको भक्तिधाराका प्रवृतिहरूलाई पनि केही मात्रामा पछयाएका छन् तर कवित्वको मुख्य चहक चाहिं शिष्ट शृङ्गारिक कवित्वमा नै देखापर्छ (त्रिपाठी र अन्य, २०४६ : ६) । अल्पायुमा नै मृत्यु भएकाले उनको कवित्व त्यति निखारिन नपाए पनि कविप्रतिभा तथा कविता कलाको सौन्दर्य चेतना बाँन्कीहरू यिनका कवितामा प्रशस्त पाइन्छन् । मोतीराम शृङ्गारिक कविताका प्रवर्तक नै हुन् । यिनका श्लोक सङ्ग्रह (१९५६), र मनोद्वेग प्रवाह (१९९७) मा शृङ्गारिक भाव बढी मात्रामा छताछुल्ल भएको छ। पिकदूत खण्डकाव्यमा पनि शृङ्गारिक भाव त्यतिकै मात्रामा परिपुष्ट रुपमा पोखिएको छ । गफास्टक, तीजको कथा र पञ्चकप्रपञ्च आदि कविताहरु सामाजिक विषयवस्तुमा आधारित छन। उषाचरित्रमा पौराणिक विषयवस्तु छ र त्यो मूलतः प्रेमको महिमाको वर्णनसँग सम्बन्धित छ (शर्मा, २०४५ : ३८४) । त्यसै गरी गजेन्द्रमोक्ष, प्रह्लादभक्ति कथा, कलिमहिमा आदिमा रचनाहरूमा धार्मिक विषयवस्तु आएका छन्। यसरी हेर्दा उनका रचनाहरूमा विविध रसहरूको उचित परिपुष्टता देखिन्छ।

### **१.१.२ गजलीय व्यक्तित्व**

मोतीराम भट्टले बनारस बसाइका क्रममा उर्दूमा गजल सुन्ने र लेख्ने आरम्भ गरेका थिए। त्यही रुपलाई नेपाली भाषामा पनि नयाँ ढङ्गले प्रयोग गर्नेकाम गरे। उनको गजल लेखनको बाढीले नेपाली साहित्यमा एउटा छुट्टै विधाको स्थापना हुन गयो। बनारसमा अध्ययनका क्रममा त्यहाँ मोतीरामले लोकप्रीय र गतिशील बनिरहेको शृङ्गारिक गजलको प्रभावबाट प्रभावित भएर नेपालीमा पनि शृङ्गारिक रसमै गजल लेख्न थाले (ओझा, २०६४ : २५०) । मोतीरामका सुन्दर गजलबाट प्रभावित भएर समकालीन गजलकारहरु

लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, नरदेव पाण्डे, एवम् शम्भुप्रसाद ढुङ्गेलले पनि गजल लेख्न थाले। मोतीरामले सुगठित ढङ्गले विभिन्न बहर, रदिफ, काफिया तथा तखल्लुसको प्रयोग गरेर थुप्रै गजल लेखेका छन्। मोतीरामको 'जता हेर्यो उतै मेरा नजरमा राम प्यारा छन्...' गजल निकै लोकप्रिय रहेको छ।

**१.१.३ नाटककार तथा निर्देशक व्यक्तित्व**

मोतीराम भन्दा पहिले 'हास्यकदम्ब', 'मुद्राराक्षस' जस्ता अनुवाद गरेर नेपालीमा लेखिएका नाटकहरू थिए तापनि मोतीरामले नेपाली भाषामै 'शकुन्तला' नाटक लेखेर देवशमशेरका पालामा निर्देशन गरेका थिए (शर्मा, २०४६ : ४८४)। यिनले 'पद्मावती' नाटक पनि लेखेको जानकारी भए पनि उपलब्ध हुन सकेको छैन। यसरी हेर्दा नाटक लेखन र निर्देशनका दृष्टिले पनि मोतीरामको महत्वपूर्ण देन देखिन्छ।

**१.१.४ समस्यापूर्तिकार व्यक्तित्व**

कुनै पद पदावली वा वाक्यलाई समस्याका रुपमा राखेर त्यसै विषयमा कविता लेख्ने निकै पुरानो चलन भए तापनि नेपाली साहित्यमा सर्वप्रथम मोतीरामले अगाडि सारे। यो कविता लेख्न सिक्न खोज्ने सिकारुका लागि निकै उपयोगी मानिन्छ। उनको 'ल्यौ ल्यौ औंठी म दिन्छु'... समस्यापूर्ति शीर्षकमा ५ जना कविहरूका २४ वटा श्लोक तयार भएको पाइन्छ। मोतीरामले काँशीमा रहँदा तेजबहादुर, काँशीनाथ, रङ्गनाथ, चेतनाथ, पद्मविलास आदिलाई समेटेर समस्यापूर्ति कविता लेखेका थिए भने नेपालमा आएपछि भोजराज, नरदेव, लक्ष्मीदत्त आदिलाई समेटेर पनि समस्यापूर्ति कविता लेखेका थिए (शर्मा, २०४५ : ३८५)। उनको यी रचनाहरूको एउटा कविता सङ्ग्रह निकाल्ने योजना थियो तापनि सारै थोरै सङ्ख्यामा भएकाले पुस्तककाररुपमा कविता सङ्ग्रह प्रकाशित हुन सकेन।

**१.१.५ समालोचकीय व्यक्तित्व**

मोतीराम नेपाली समालोचनाका क्षेत्रमा प्रथम प्रभाववादी समालोचकको रुपमा देखिन्छन्। यिनले भानुभक्तको रचना र कवित्वशक्तिको चर्चाका क्रममा 'गोर्खा भाषामा हुन त धेरै नामका कवि भानुभत्त भन्दा पहिले भये तर कविताको मर्म जानी भाषामा पद्य लेख्ने कविहरुमा आदिकवि भानुभक्त नै हुन्' (शर्मा, २०४५ : ३८७) भनेर भानुभक्तलाई सर्वप्रथम आदि कविको पदले सम्मान गरेका छन्। सहजरुपमा कविता लेख्ने र अभ्यासकारुपमा कविता लेख्ने सन्दर्भममा मोतीरामले सहज कवि र संसर्गी कवि भनी विभाजन गरेर भानुलाई सहज कविको सम्मान दिएका छन्। मोतीरामको कविताको सरजाम कवितामा कवि र कविताम हुनुपर्ने आन्तरिक र वाह्य तत्वको चर्चा गरेका छन् साथै कस्तो कविता शाश्वत र ख्यातिप्राप्त हुन्छ भन्ने कुराको पनि चर्चा गरेका छन् (सुवेदी, २०६८ : ९७)। भानुभक्त आचार्यको जीवनचरित्र लेखनका क्रममा मोतीराम सकेसम्म तटस्थ भएर समीक्षा गर्ने प्रयास गरेका छन्।

**१.१.६ जीवनीकार व्यक्तित्व** :

मोतीराम पहिलो जीवनीकार पनि हुन्। विवाहमा गएको बेलामा रामायणका श्लोकबाट जुहारी खेलेको देखेपछि भानुभक्तको खोजीमा जुटेका मोतीरामले कविता मार्फत भानुभक्तको परिचय दिएका छन् भने १९४८ मा भानुभक्तको जीवनचरित्र नै प्रकाशित गरेका छन् (शर्मा, २०४५ : ३८६)। भानुभक्तको मृत्यु भएको २३ वर्ष नपुग्दै उनका बारेमा देखेबुझेका मानिसहरुसँग सोधपुछ गरेर 'भानुभक्तको जीवन चरित्र' लेखेकाले नै भानुभक्तका बारेमा बुझ्न सजिलो भएको हो। उमेरले कच्चै भए पनि मोतीरामले उक्त जीवनचरित्र लेखनका क्रममा समालोचकीय परिपक्वता देखाएका छन्।

**१.१.७ खोज अन्वेषक व्यक्तित्व :**

मोतीरामले भानुभक्तको जीवनी र कृतित्वको खोजी गरेर बाहिर ल्याएकाले नै भानुभक्तलाई सबैले राम्रोसँग चिन्ने बझ्ने अवसर प्राप्त भयो। भानुभक्तको रामायणका श्लोकहरू विभिन्न अवसरमा गाएको सुनेर उनका सबै कृतिको खोजीमा जुटेका मोतीराम आफ्नो प्रयत्नमा सफल भएका छन्। उनले भानुभक्तका बारेमा सबै खोजिनीति गरेर 'भानुभक्तको जीवनचरित्र' प्रकाशित गरेका छन्। सर्वप्रथम १९४१ मा भानुभक्तको रामायण बालकाण्ड छपाएर बेलायतको पुस्तकालयमा 'नेपाली भाषाको पहिलो संस्करण भनी पठाएका भट्टले १९४४ मा सातवटै काण्डको प्रकाशन गरेका छन् (शर्मा, २०४५ : ३८६)। उनले भानुभक्तकामात्र नभएर त्यस समयका छविलाल, विहारीलाल, पतन्जलि, लगायतका कविहरूको समेत अध्ययन गरी तुलनात्मक अध्ययन गरेर कवित्वशक्तिको आँकलन समेत गरेका छन्। मोतीरामले भानुभक्तका बधूशिक्षा, भक्तमाला, प्रश्नोत्तर, रामगीता आदि सबै कृतिहरूको प्रकाशन आफ्नै जीवनकालमा गरेका छन्। सर्वप्रथम अग्रज कविहरूको विषयमा खोजिनीति गरेर बाहिर ल्याउने मोतीरामको व्यक्तित्व निकै स्तुत्य छ।

**१.१.६ छापाखाना प्रबन्धक व्यक्तित्व :**

अध्ययनका क्रममा बनारसमा गएका मोतीरामले भारतमा हिन्दी भाषाका पुस्तकहरू प्रकाशित भएको देखेपछि नेपालीभाषाका पुस्तक पनि छपाउने चाहना तीब्र बढ्यो तर उनीसँग पैसाको अभाव थियो त्यसैले सम्पन्न साथी रामकृष्ण बर्मालाई छापाखाना स्थापनाका लागि अनुरोध गरे र वर्माले 'भारत जीवन' नामक छापाखाना स्थापना गरिदिए अनि मोतीराम त्यही छापाखानाका प्रबन्धक एवम् सम्पादक भई कार्य गरे। त्यही शिलशिलामा भानुभक्तका रामायणका सातवटै काण्ड लगायत अन्य कविका केही रचनाहरू पनि प्रकाशित गरे (शर्मा, २०४५ : ३८७)। यसका साथै आफैंले लेखेका गजेन्द्रमोक्ष, पञ्चक प्रपञ्च शकुनौति लगायतका रचनाहरू पनि त्यही भारत जीवन छापाखानाबाट प्रकाशित गरे। नेपाली भाषाको सम्बद्र्धनका लागि भारत जीवन छापाखाना स्थापना गरेर मोतीरामले गरेको योगदान निकै महत्वपूर्ण छ।

**१.१.८ सम्पादक व्यक्तित्व**

भानुभक्तको 'बालकाण्ड' लाई १९४१ मा सर्बप्रथम मोतीरामले नै बाहिर ल्याएका थिए। यस पुस्तकको सम्पादक को थिए भन्ने पुस्तकबाट प्रष्ट थाहा नभए तापनि सम्भवतः मोतीराम नै भएको मानिन्छ (शर्मा, २०४५ : ३८७)। त्यसै गरी मोतीरामले भानुभक्तका रामायणका सातवटा काण्ड लगायत बधुशिक्षा, भक्तमाला, रामगीता, प्रश्नोत्तर लगाएतका रचनाहरू पनि बनारसबाट भारत जीवन छापाखानाबाट सम्पादन गरेका थिए।

**१.१.९ गुणगायक व्यक्तित्व**

यिनले आफ्ना अग्रज र सहकर्मी साथीहरूको मुक्तकण्ठले प्रसंसा गर्दै विभिन्न पदले सम्मान गरेर सम्मान व्यक्त गरी हौसला प्रदान गरेका छन्। मोतीरामले भानुभक्तलाई 'आदिकवि',एवम् 'कविकूलमुकुट मणिक्य' उपाधिले सर्वप्रथम सम्मान गरेका छन्। त्यसै गरी राजीवलोचन जोशीलाई 'कविशिरोमणि' र पद्मविलास पन्तलाई 'कवि' पदले सम्मान गरेका छन् (शर्मा, २०४५ : ३९०)। मोतीराममा आफूमात्र एक्लै अगाडि बढ्ने स्वार्थी भावना थिएन। उनले जतिसक्यो साथीहरुलाई सामूहिकरुपमा अगाडि बढाउन चाहन्थे। साथीहरुलाई गुणगान गाएर सम्मान र हौसला प्रदान गर्ने मोतीरामले राजीवलोचनका बारेमा कविताबाट महिमागान पनि गरेका छन्। यसरी हेर्दा समकालीन र पूर्ववर्ती कविहरुप्रति सम्मान र हौसला प्रदान गर्ने सकारात्मक भावना मोतीराममा भेटिन्छ।

### १.१.१० पुस्तकालयको स्थापना गर्ने व्यक्तित्व

बनारसमा रहेर त्यहाँका विभिन्न पुस्तकालयको अवलोकन र अध्ययन गर्ने मौका पाएका मोतीराम भट्टले नेपालमा पनि पुस्तकालय खोलेर शिक्षाको ज्योति फैलाउने कार्य गरे । नेपालमा सबैको पहुँचमा पुस्तकालय नभएको र भएका पुस्तकालयहरूमा राम्रा पुस्तकहरू नभएको कारणले यही खड्को टार्नका लागि मामा नाता पर्ने कृष्णदेव पाण्डेसँग मिलेर 'मोतीकृष्ण कम्पनी' नामको पुस्तकालय खोले । यस पुस्तकालयले केही मात्रामा पुस्तकको अध्ययन गर्न चाहनेका लागि सहज बनाएको थियो ।

### १.१.११ सामूहिक प्रयत्नकर्ता एवम् छापाखानाका संस्थापक व्यक्तित्व

नेपाली वाङ्मयको विकासका लागि सामूहिक कार्यको महत्त्व बुझेका मोतीरामले बनारस र नेपालमा रहँदा सामूहिक रुपमै विभिन्न सिर्जना गर्ने गराउने कार्य गरेका छन् । आफूमात्र माथि उठ्ने चाहना नभई आफ्ना अन्य सहपाठी साथीहरूलाई पनि माथि उठाउने र सामूहिक रुपमा प्रयत्न गराउने कार्य गरेका छन् । बनारसमा रहँदा त्यहाँ अध्ययन गर्न गएका नेपाली साथीहरूका बीचमा समस्यापूर्ति कविता लेख्ने सामूहिक प्रयत्न गरेका मोतीरामले नेपालमा फर्के पछि पनि यहाँका आफ्ना समकालीन साथीहरू नरदेव, भोजराज, लक्ष्मीदत्त आदिलाई गोलबद्ध गरेर समस्यापूति कविता लेख्ने अभ्यास गराएका छन् । यस्तो प्रयत्नबाट मोतीराम आफूँ पनि कवि बने र अन्य साथीहरुलाई पनि कवि बनाएका छन् । त्यस समयमा लेखिएका सिर्जनालाई नेपालमै छाप्ने छापाखानाको अभाव थियो । सरकारी स्तरमा केही छापाखाना भए पनि त्यसमा सर्वसाधारणको पहुँच पुग्दैनथ्यो र सम्भव पनि हुँदैनथ्यो । त्यही अभावलाई टार्नका लागि १९५० मा 'पशुपति प्रेस' को स्थापना गरेका थिए । त्यस प्रेसलाई नेपालको पहिलो प्रेस पनि भन्ने गरिन्छ । भानुभक्तका विभिन्न रचनाहरुलाई बनारसमा गएर 'भारत जीवन' प्रेसबाट छपाएका मोतीरामले यसरी सबै नेपाली साहित्यकारका रचनालाई प्रकाशन गर्न असम्भव देखेपछि नेपालमै छापाखानाको स्थापना गर्ने सोच बनाएको देखिन्छ । उनले स्थापना गरेको पशुपति प्रेस अहिले पनि सञ्चालनकै क्रममा रहेको छ र यस प्रेसबाट विभिन्न सर्जकका रचनाहरू धमाधम प्रकाशित भइरहेका छन् ।

छोटो आयु पाएका मोतीरामले नेपाली भाषा साहित्यका क्षेत्रमा दिएको योगदान अमूल्य छ । नेपाली भाषाको एकीकरणकर्ताका रुपमा चिनिने भानुभक्तलाई बाहिर ल्याएर अमर बनाउने भट्टले अन्य तात्कालीन सर्जकहरुप्रति पनि न्याय गरेका छन् । मोतीरामको करिव १५ वर्ष जतिको सक्रिय जीवन पूर्णरुपमा नेपाली भाषा साहित्यको संरक्षण र संवद्र्धनमै बितेको छ । प्राप्त अप्राप्त गरी झण्डै दुई दर्जन रचनाहरूका सिर्जना, सम्पादन र प्रकाशन गरेका मोतीरामको योगदानको प्रशंसा जति गरे पनि कमै हुन्छ । नेपाली भाषा र साहित्यका खातिर बनारसमा रहँदा र नेपालमा रहँदा जे जति कार्य गरे तिनलाई हेर्दा उनका जीवनका आयाम विविध देखिन्छन् । उनका योगदानका पत्रिका तथा छापाखानाका प्रबन्धक, सम्पादक, जीवनीकार, कवि, नाटककार, निर्देशक, समस्यापूर्तिकार, गुणदर्शक आयामलाई हेर्दा पुस्तकालयका संस्थापक, सामूहिक प्रयत्नकर्ता, समालोचक, खोज अन्वेषक, आदि विविधरुपमा देखा पर्दछन् । मृत्युशैयाको क्रममा आफ्नी आमालाई आफ्ना सिर्जनाहरु सन्तान सन्तानकारुपमा रहेको र ती सिर्जनाहरु नेपाली भाषाको संरक्षण र संवद्र्धका लागि गरिएका विविध प्रयास भएको बताउने मोतीराम माध्यमिककालीन नेपाली साहित्यका मेरुदण्ड नै हुन् । राष्ट्रसेवामा समर्पित मोतीरामले 'राष्ट्रिय विभूति'को उच्च सम्मान पाएका छन् । मोतीरामले नेपाली भाषाको विकासका लागि गरेका विविध कार्यहरूले उनी अत्यन्त पे्ररणादायी, सम्मानित र श्रद्धेय व्यक्तिकारुपमा परिचित छन् ।

### १.२ मोतीराम भट्टका प्रबन्धकाव्यमा रसाभिव्यक्ति

मोतीरामका प्रबन्धकाव्यकृतिमा प्रस्तुत कवित्वचेतनाको आधारमा अभिव्यक्त भावधाराहरूलाई हेर्दा मूलतः शृङ्गार र भक्ति  अङ्गी रसकोरुपमा देखिन्छन् भने अन्य रसहरू अङ्गरसको रुपमा देखिन्छन् । शृङ्गार रस र भक्तिरसको प्रयोगको स्थितिलाई हेर्दा शृङ्गार रस नै बढीमात्रामा प्रयोग भएको देखिन्छ । भट्टका काव्यकृतिमा अङ्गी रसकारुपमा प्रस्तुत शृङ्गार रस र भक्तिरसलाई निम्नानुसार हेर्न सकिन्छ

### १.२.१ शृङ्गार रस

पूर्वीय साहित्य सिद्धान्तमा विशेष महत्त्वकासाथ हेरिने शृङ्गार रस समग्र रसहरुमै राजरस मानिन्छ । मोतीरामका अधिकांश रचनामा शृङ्गार रसको प्रयोग भएको छ । बनारसमा रहँदा त्यहाँको वातावरणले पारेको प्रभाव, भट्टको जवानीको समय, तात्कालीन राणाकालीन समाजको रसिक मनोविज्ञान, बदलिंदो सामाजिक परिवेश आदि विविध कारणले गर्दा मोतीरामले शृङ्गारिक रसका रचनामा मन दिएका हुन् र सिङ्गो माध्यमिककाललाई नै शृङ्गार रसमय बनाएका हुन् । शृङ्गार रसका दुई भेदहरू सम्भोग शृङ्गार र विप्रलम्भ शृङ्गार दुवैलाई भट्टले सफलरुपमा कलात्मकता दिएका छन् । भट्टको 'पिकदूत' प्रबन्धकाव्यमा विप्रलम्भ शृङ्गार रसको प्रयोग बढी देखिन्छ भने 'उषाचरित्र' मा सम्भोग शृङ्गार र विप्रलम्भ शृङ्गारको समतुल्य प्रयोग देखिन्छ (न्यौपाने, २०४५ : ५०) । उषाचरित्रका केही श्लोकहरूमामा प्रस्तुत विप्रलम्भ शृङ्गार निम्न देखिन्छ :

"राज होस् घरमा सँधै सुखगरी चाकर खडा छन् परी ।
संकोच क्यै नगरी दुखै बस गरी आनन्दले मन्परी ॥
मेरामाथि दया गरी बचनको वर्षा बराबर गरी ।
यस्तो यो लहरी बसन्तऋतुमा गर्नुहवस् मन्परी ॥"

(मोती ग्रन्थावली, २०४५ : ८३, उषाचरित्र, श्लोक, १०९)

यस श्लोकमा आफ्नो प्रेमीले छाडेर टाढा भएकोमा प्रेमिकाबाट गुनासो गरिएकाले यहाँ विप्रलम्भ शृङ्गार रस आएको छ । घरभरि कामकाज र सेवासत्कारका लागि परीहरू चाकरीमा रहेकाले घरमै राज गर्न अनुरोध गर्दै कुनै सङ्कोच र पीडा नलिएर आनन्द मनका साथ बस्न अनुरोध गरिएको छ । जे जति बचन लगाए पनि सहन तयार रहेको उल्लेख गर्दै प्रेमिकामाथि दया गरेर हर्हराउँदो वसन्तऋतुतुल्य यौवनमा मनपरी गर्न अनुरोध गरिएको यस श्लोकमा आफ्नो प्रेमी टाढा भएकोमा विरह वेदना विप्रलम्भ शृङ्गारमा व्यक्त गरिएको छ ।

"दिन दिन ति उषाले सम्झदी प्राणलाई ।
धुरु धुरु बसि रुन्छिन् कृष्ण कृष्णै पुकारी ॥
अव त शरण लेउ दुःख मेरो छुटाउ ।
जगत् अति अध्यारो धर्म सूर्य उदाऊ ।

(मोती ग्रन्थावली, २०४५:९५, उषाचरित्र, श्लोक,१८२)

यस श्लोकमा आफ्नो भाग्य कमजोर भएकोमा संसार अध्याँरो भएको गुनासो गर्दै धर्मसूर्यलाई पुकारा गरिएको छ । उषा आफ्नो प्राणप्रिय पतिलाई सम्झेर भगवान् कृष्णलाई पुकारा गर्दै धुरुधुरु रोइरहेकी छन् र आफू भगवान्मा शरण परेको कुरा अनुरोध गर्दै अब धेरै दुःख नदिन अनुरोध गर्ने क्रममा विप्रलम्भ

शृङ्गारको प्रयोग भएको छ । मोतीरामको पिकदूत खण्डकाव्यमा पनि विप्रलम्भ शृङ्गारका उत्कृष्ट श्लोकहरू रहेका छन्, जस्तै :

"ए पन्छी अब जा चटाक हुन गई सम्चार यो भन्दियेस् ।
यो सम्चार भनीदिइस् पनि भने लाख् वर्षसम्म जियेस् ।।
यी मेरा सब हाल हेरि उडिजा मेरा जहाँ प्राण छन् ।
यस्मा कत्ति फरक नपारि जति ह्याँ भन्छू भनेस् ।। "

(मोती ग्रन्थावली,२०४५:१५१, पिकदूत,श्लोक १)

× × ×

"वर्षा ऋतुमा वडा विरहमा एक्लै वसे झ्यालमा ।
वादलको दल आद घेरियो आकाश ख्यालख्यालमा ।।
त्यै बेला बिजुली चमक्क चमकी वाहाँपछि गर्जदा ।
मन धुकधुक हुन गयो यसोरि जब ता ती पापिले बिर्सदा ।।"

(मोती ग्रन्थावली, २०४५ : १५१, पिकदूत, श्लोक ३)

× × ×

"थर्थर कम्प गराइ ह्यू छरि शिशिर सिर्सिर गरी पाल्नु भो ।
साह्रै कम्प भइ थकित हुनगयें यस्तै ह्वाल् गर्नु भो ।।
रुई दुई कि फूइ यति तिन थोक् चाहिन्छ जाडामाहाँ ।
दुःखी छु रुइ फुइ छन् तपनि ता दूई नहुँदामहाँ ।।"

(मोती ग्रन्थावली,२०४५ : १५१, पिकदूत, श्लोक ६)

यी श्लोकहरूमा आफ्नो प्रेमीको विछोडमा तड्पीएकी एक प्रेमीकाको अभिव्यक्ति सुन्दर ढङ्गले प्रस्तुत भएका छन् । मनका सारा पीडा र हालहरू एउटा पन्छीलाई बताएर जस्ताको तस्तै आफ्नो प्राणप्रियलाई भनिदिन आग्रह गरिएको छ । आफ्ना सबै पीडाहरू जस्ताको तस्तै बताउन सकेमा लाख वर्षसम्म बाँचेस् भन्ने आशीर्वाद दिंदै आफूलाई बिर्सने प्रेमीको पापी मन भएको गुनासो गरिएको छ । आफ्नो प्रेमीलाई सम्झिएर वर्षा ऋतुमा विरह वेदनामा डुब्दै झ्यालमा बसिरहेको बेलामा आकाशलाई बादलले ढाकी विजुली चम्कन लागेपछि सुन्दर संसार भताभुङ्ग भए जस्तै आफ्नो सुन्दर संसारलाई पनि बादल लगाएर पेचिला बिजुली चम्काउने प्रेमीप्रति गुनासो व्यक्त गरिएको छ । शिशिर ऋतुको मनै थर्थर पार्ने जाडोमा प्रेमीको बढी सम्झना भएको देखिन्छ । रुई, फुई र दुई (कपडा, आगो र जोडी) जाडोका लागि नभई नहुने भए पनि रुई र फुई भएको तर दुई नभएकोमा प्रकृतिको विषमता छल्नका  लागि समेत प्ेरमीको आवश्यकता पर्ने तर समस्यामा दुई नभएकाले दुःख व्यक्त गरिएको विप्रलम्भ शृङ्गार परिपुष्टरुपमा अभिव्यक्त भएको छ ।

उल्लिखित श्लोकहरूमा नारीमा हुने कामजन्य पीडाको प्रस्तुति गरिएको छ । प्रेमीको अभावमा प्रेमीका तड्पीतड्पी बाँच्नु परेको शृङ्गार प्रस्तुत भएकाले यहाँ विप्रलम्भ शृङ्गार प्रस्तुत भएको छ ।

भट्टले आफ्ना रचनामा सम्भोग शृङ्गारको पनि त्यतिकै मात्रामा गरेका छन् । उनी कतिपय अवस्थामा शिष्ट शृङ्गारको प्रयोग गर्दा गर्दै चरम अवस्थामा पनि पुगेका छन्, जस्तै :

"कहाँको मनसुव भयो प्रिये फेला प¥यौ बाटमा ।
पल्क्याको छु म त उसै दिन यहाँ मुख् जोरका चाटमा ।।
अहिले केही जरुर छ छोड बरु ह्याँ आउला भरे नी भरे ।

भन्दै थिन् तर पक्रि चुम्बन लिंदा औया मरे नी मरे ।।

(मोती ग्रन्थावली, २०४५: २०५, श्लोक सङ्ग्रह, श्लोक ३ )

× × ×

"अति चतुर हुनाले तन् पुरै छोपी हालिन् ।
पर पर पग सारिन् हातले हार पारिन ।।
दिनबिच मुखरुपी चन्द्रले साँझ पारिन् ।
तर पनि मुख चुम्दा दातले आठ टोकिन् ।।"

(मोती ग्रन्थावली, २०४५: २०७, श्लोक सङ्ग्रह, श्लोक, १३ )

यी श्लोकहरूमा सम्भोग शृङ्गारको चरमरुप देख्न सकिन्छ प्रेमीकाले अहिले छाड काम छ म बरु पछि आउँला भन्दा भन्दै चपक्क पक्रेर ऐया पारेको सन्दर्भलाई हेर्दा बलत्कार भएको भन्न सकिने स्थिति छ। बाटोमा जम्काभेट भएको बेलामा जबर्जस्त प्रेमी पटके यौन पिपासुको रुपमा देखिन्छ। यी पङ्तिलाई दृश्यात्मक रुपमा हेर्दा निकै अशिष्टता देखिन्छ । त्यसै गरी दोस्रो श्लोकमा पे्रमीका निकै चलाख भएको बताइएको छ । हातले नाई नाई भनेजस्तो गरे पनि आफैले यौनका लागि सहज वातावरण बनाइदिएको र दिनमै रात पर्दा आनन्द र उत्सुकताले ओठ टोकेको अशिष्ट सम्भोग शृङ्गार रसको प्रयोग भएको छ। त्यसै गरी पिकदूत प्रबन्धकाव्यमा प्रस्तुत अर्को सम्भोग शृङ्गार रसको उदाहरण यस्तो छ :

"यसरि जब तहाँ त्यो पंक्षीले बात सुन्यो ।
ढिल नगरि उडी गै सोही जग्गा पुगीगो ।।
पतिकन अह्वाल तेस् सुन्दरीको सुनायो ।
पति पनि घर आये भारी तहाँ भयो ।।"

(मोती ग्रन्थावली, २०४५ : १५६, पिकदूत, श्लोक, ३०)

पिकदूत खण्डकाव्यमा आख्यानको अन्त्य संयोगान्तरुपमा भएको छ । पे्रमीको अनुपस्थितिमा छटपटाइरहेकी प्रेमीकाले आफ्ना सबै पीडाहरू सुगालाई पे्रमीकहाँ पुर्याइदिन अनुरोध गरेकी छे। सुगाले प्र्रेमीको सबै हाल देखेबुझेर पीडाहरूलाई प्रेमी भएको स्थानमा गई सुनाएपछि प्रेमी खुरुक्क घरमा आएको र सुन्दर अकल्पनीय मिलन भएको शिष्ट सम्भोग शृङ्गार रसाभिव्यक्ति यस श्लोकमा भएको छ।

**१.२.२ भक्तिरस**

भानुभक्तले अङ्गालेको भक्ति रसाभिव्यक्तिलाई मोतीरामले पनि केही मात्रामा अङ्गालेका छन्। भानुभक्तका रचनाहरुको सङ्कलन र पठन गर्ने क्रममा मोतीराममा केही मात्रामा भक्तिभावको प्रवाभ परेको देखिन्छ। नेपाली साहित्यको इतिहासमा मूलतः सुगौली सन्धिपछि भक्तिभावका रचनाहरू लेखिन थालेका हुन्। जोस जाँगरका साथ नेपालको विस्तारमा लागि रहेको बेलामा १८७२ को सुगौली सन्धि पछि निरासा पलाएको देखिन्छ। त्यसैले तत्पश्चात राम भक्तिधारा, कृष्णभक्तिधारा र निर्गुन भक्तिधारामा विभिन्न रचनाहरू लेखिएका छन् । भक्तिधाराका निराशा वैराग्य व्यक्त गरिएका विभिन्न रचनाहरूमा भानुभक्तका रचना बढी उल्लेख्य छन्। प्राथमिककालको उत्तरार्द्धमा देखापरेको भक्तिधारामा मोतीरामले पनि केही भक्तिरसका सिर्जना गरेका छन् । भक्तिरसको प्रयोगका दृष्टिले भानुभक्तका तुलनामा मोतीराम नगण्य छन् । मोतीरामको आफ्नै शृङ्गार भावधाराको जे जति प्रभाव, कलात्मकता र सफलता छ, त्यो स्थिति भक्तिरसका रचनामा देखिँदैन।

नेपाली साहित्यको इतिहासमा भक्तिभावका रचनाहरूको लेखन र पठन हुनुको कारण सुगौलीसन्धिमात्र नभएर नेपाली हिन्दू संस्कृति पनि हो । नेपाल हिन्दूहरूको वर्चस्व भएको मूलुक भएकाले परम्परादेखि नै धार्मिक एवम् नैतिक चेतना बढी भएको देखिन्छ । नेपालीहरूको आफ्नै परम्परागत निजी प्रवृति र त्यसैमा सुगौलीसन्धिले थप गरिदिएको निरासाका कारण देखा परेका निरासा र वैराग्यलाई भक्ति रसमार्फत आत्मसन्तुष्टि गर्ने प्रयास भएको देखिन्छ । मोतीराम आफ्ना सिर्जनामा शृङ्गारसको प्रयोगमा जे जति सफल देखिन्छन् त्यति सफल भक्तिरसका रचनामा देखिदैनन् तापनि उनका भक्तिरसको प्रयोग भएका रचनाहरूलाई पनि कमजोर भन्न सकिदैन । मोतीरामले भक्तिरसमा रचना गरेका प्रबन्धकाव्यहरूमा 'प्रह्लाद भक्तिकथा' र 'गजेन्द्रमोक्ष' सर्वोत्तम रचना हुन् । उनको प्रह्लाद भक्तिकथामा पोखिएका केही भक्तिरसका नमूना निम्नानुसार छन्ः

"पढ्नाले रति हुन्न ज्ञान बुभिल्यौ ज्ञान् हुन्छ एक् भक्तिले ।
यस्तै पेच छ र भक्ति गर्नु भनि मो भन्छू बडा जुक्तिले ।।
यस रीतले पछि ज्ञान मिल्छ जरुरै ज्ञान् ज्ञान् भो कि भक्ति भो ।
यै मुक्ति यदि पाइयो त मरनू फेर् जन्मनू गैगयो ।।"

(मोती ग्रन्थावली, २०४५ : ३४, प्रह्लादभक्तिकथा, श्लोक ३)

× × ×

"कच्चा छ उमेर हामिहरुको ऊहाँ रहन्छौं जती ।
आजै देखि भजन गर्या प्रभुजीको सप्रन्छ गती ।।
विर्सन्छौं त पछी पनी विपतमा पक्का परौला सबै ।
चेतौला सब अन्त्यमा अति कराल काल्ले समात्ला जबै ।।"

(मोती ग्रन्थावली, २०४५ : ३४, प्रह्लादभक्तिकथा, श्लोक ४)

× × ×

" भक्ति र ज्ञान द्विज भैकन जो लिदैनन् ।
ती मुक्त शूद्रहरुका पनि तुल्य छैनन् ।।
दर्जा हुँदैन धनले र ठूलो घरानले ।
त्यै श्रेष्ठ हुन्छ जसका दिन जान्छ ज्ञानले ।।"

(मोती ग्रन्थावली, २०४५ : ४९, प्रह्लादभक्तिकथा, श्लोक १४)

प्रह्लाद भक्तिकथामा प्रायः भक्ति रसकै प्रयोग भएको छ । यस रचनामा भौतिकवाद र आध्यात्मवाद दुई शक्तिको भिडन्त गराएर अन्तमा आध्यात्मवादको विजय देखाइएको छ । यसै सन्दर्भमा प्रह्लादको माध्यमबाट प्रस्तुत भक्तिभावका कुराहरू अभिव्यक्त भएका हुन् । पहिलो श्लोकमा पढेर ज्ञान हुँदैन बरु भगवान्को भक्त भएमा अन्तर्ज्ञान हुन्छ त्यसैले सदैव भक्ति गर्नु पर्छ । जसले निरन्तर भक्ति गर्छ त्यो मरेर पनि फेरि जन्म लिन्छ भनिएको छ । त्यसै गरी दोस्रो श्लोकमा ज्ञान भर्ने र परलोक सुधार्ने प्रमुख माध्यम भक्ति नै हो । जसले भजन कीर्तन गर्दैन र भक्तिभाव राख्दैन त्यसलाई सदैव आपत् विपत् परिरहन्छ र कालले पनि त्यसै मान्छेलाई लैजान्छ त्यसैले सदैव भक्तिभावना र समर्पण हुनुपर्छ भन्ने भाव व्यक्त गरिएको छ । तेस्रो श्लोकमा जो व्राह्मण कुलमा जन्मिएर पनि भक्ति गर्दैन र कुनै ज्ञान छैन भने त्यो शूद्रभन्दा पनि तल्लो तहको हुन्छ र त्यसलाई शूद्रसँग समेत तुलना गर्न मिल्दैन भनिएको छ । यस सन्दर्भलाई सामाजिक सन्दर्भमा हेर्दा

व्राह्मणलाई उच्च जात भएकाले सोही अनुरुप कार्य गर्नु पर्ने धारणा व्यक्त गर्दै शूद्रहरू तल्लो जात भएको व्राह्मणवादी धारणा व्यक्त भएको छ । त्यसै गरी मानिस उच्च घरान र धनले कहिल्यै ठूलो हुँदैन, जुन व्यक्तिको समय ज्ञानको आदान प्रदानमै वित्छ र समाजका लागि सत्कर्म गर्छ त्यही व्यक्ति समाजमा श्रेष्ठ हुन्छ भन्दै धार्मिक, नैतिक, जातीय, परम्परित एवम् आआफ्नो कर्तव्यलाई कहिल्यै विर्सन नहुने विचार भक्ति रसाभिव्यक्ति व्यक्त गरिएको छ । मोतीराम स्वयम् पनि धर्मप्रेमी थिए भन्ने कुरा उनका विभिन्न कृतिबाट स्पष्ट हुन्छ । मोतीरामको वंशपरम्परा, संस्कृतको अध्ययन, पशुपतिनाथ र विश्वनाथको बसाइ आदि कुराले पनि उनलाई धार्मिक भावना जगाउन सहयोग गरेको थियो (न्यौपाने, २०४५ : ५७) । मोतीराम आफ्ना रचनामा जतिसक्यो शृङ्गार भावमा रमाउने व्यक्ति भए पनि शृङ्गारभावको छेउछाउमा भक्तिभावमा पनि रमाएको देखिन्छ । गजेन्द्रमोक्षमा निम्नानुसार भक्तिरसको प्रयोग भएको देखिन्छ :

“सो सातौ रसमा गजेन्द्रजि भुल्या उन्मत्त धेरै भया ।
यै हो स्वर्ग यहीं मिल्यो सहजमा भन्या इरादा धर्या ।।
जो सातौ रसमा भुलेर रहला डर भर नमानी रती ।
सो प्राणी पछि दुःखमा परि पुकार गऱ्या छ धिक्कार भनी ।।”

(मोती ग्रन्थावली, २०४५ : १२ गजेन्द्रमोक्ष, श्लोक २१)

× × ×

“कस्को छ छल् अव त निर्वल भै रह्याको ।
चेत्या प्रभुकन चिन्ह्यां बलमा भुल्याको ।।
जप्छू निरन्तर म ता प्रभु आज जान्या ।
गर्थ्यां घमंड बलको र सजाइ पायां ।।”

(मोती ग्रन्थावली, २०४५ : १३ गजेन्द्रमोक्ष, श्लोक १५)

गजेन्द्रमोक्षमा प्रस्तुत माथिका श्लोकमा गजेन्द्र (हात्ती)को घमण्ड गोहीले तोडेको सन्दर्भद्वारा घमण्ड कोही कसैले गर्न नहुने भाव व्यक्त गरिएको छ । गजेन्द्र आकारप्रकार र बलमा पनि ठूलो भएकाले जङ्गलका सारा जनावरहरू त्रसित भएका थिए । उसले आफूलाई जङ्गलको राजा ठान्थ्यो । प्रकृतिका षड् रस (गुलियो, पिरो, अमिलो, नुनिलो, टर्रो, तीतो) (शर्मा, २०५८ : १२६२) लिएर त्यसले पनि नपुगेर सफा पानीको तलाउमा सातौं रस (आनन्द ?) लिंदै मात्तिएको थियो । उसलाई स्वर्ग यही हो भन्ने लागेको थियो । डर पनि कसैको मानेको थिएन । ऊ आफ्नो बलको घमण्डले मत्त थियो त्यसैले भट्टले यसरी बलको घमण्ड गरेर मात्नेहरू भोलि दुःखमा पर्ने छन् र आफ्नो अबुझलाई धिक्कार भन्नेछन् भनेका छन् । नभन्दै प्रस्तुत दोस्रो श्लोकमा जब पानीको तलाउमा सातौं रसमा गजेन्द्र मातिदै थियो त्यही बेला गोहीले आक्रमण गरेर तानेको छ र गजेन्द्र निर्बल भएको छ । यतिबेला गजेन्द्रलाई आफ्नो बलको तुजसक देखाएकोमा पश्चाताप गर्दै प्रभुलाई सम्झिएको रसाभिव्यक्ति व्यक्त भएको छ ।

### १.१.३ निष्कर्ष

मोतीराम भट्ट माध्यमिक कालका प्रमुख नायक एवम् शृङ्गार धाराका प्रवर्र्तक हुन् । आफ्नो बुबासँग ६ वर्षको कलिलो उमेरमै बनारसमा गएका भट्टले त्याहाँबाट नेपाली साहित्यको संरक्षण र संवर्धनका लागि महत्त्वपूर्ण प्रभाव र ज्ञान सिकेका थिए । भारतीय भाषाप्रेमी कवि भारतेन्दु हरिश्चन्द्रको प्रभावले मोतीराममा नेपाली भाषाको सेवा गर्ने भाव जगाएको थियो । १५ वर्षको उमेरमा नेपालमा आइ पुनः बनारसमा गएका

भट्टले त्यहाँ विभिन्न भाषाका साहित्यको रस्वादन गर्ने अवसर पाएका थिए। उनले त्यहाँ रहँदा नेपाली साहित्यका आदिकवि भानुभक्तका सबैजसो रचनाहरूको प्रकाशन 'भारत जीवन' प्रेसबाट गरेका थिए। बहुमुखी प्रतिभाका धनी मोतीराम भट्ट नेपाली भाषाका पहिलो उत्थापक हुन्। उनका सिर्जना गोडमेल र मलजलकै कारणले नेपाली भाषा आजको स्थितिमा आइपुगेको हो। राष्ट्रप्रमी एवम् भाषाप्रेमी भट्टमा आफ्नो मुलुकप्रति अत्यन्तै गहिरो सद्भाव थियो।

मोतीरामका सिर्जनामा विभिन्न भावहरूको रसाभिव्यक्ति भए तापनि उनी मूलतः शृङ्गारिक र भक्तिभावका कवि हुन्। भक्तिरस भन्दा पनि शृङ्गार भावको प्रयोगमा उनी बढी सफल र चर्चित छन्। तत्कालीन समयको माग, बनारसमा रहँदा हरिश्चन्द्रसँगको सानिध्य, उर्दू भाषाका साहित्यको प्रभाव, चढ्दो जवानी आदिका कारणले उनी बढी शृङ्गारभावका सिर्जनामा ढल्केको देखिन्छ। उनले भक्ति रसमा पनि केही प्रबन्धकाव्य र कविताहरू लेखेका छन्। भक्तिरसको प्रयोगका दृटिले गजेन्द्रमोक्ष र प्रह्लादभक्तिकथा विशेष उल्लेख्य छन्। नेपालको परम्परित हिन्दू धर्मको प्रभाव, नेपाली समाजको निजी मौलिक विशेषता, भानुभक्तका रचनाको प्रभाव एवम् सुगौली सन्धिले उब्जाएको निरासाका कारण उनले भक्तिरसमा पनि केही सिर्जना गरेका छन्। रसको प्रयोगाधिक्यताका आधारमा हेर्दा शृङ्गार रस र भक्ति रस अङ्गी रसका रुपमा रहेका छन्। विविध रसाभावमा विभिन्न विषय र प्रकृतिका रचना गर्न सक्नु र आफ्नो प्रभाव समकालीन र परवर्ती कविहरूमा पार्नसक्नु भट्टको महत्वपूर्ण शक्ति हो। भट्टमा निहित विविध रसाभावमा सिर्जनात्मक शक्ति र निश्वार्थ नेपाली भाषाको सेवाका कारण उनी सर्वत्र स्तुत्य छन्।

**सन्दर्भ सामग्री सूची**

असीम, गोपाल पाण्डे (२०४५), 'मोतीराम भट्टमा देश सेवाको भावना' मोती स्मृति ग्रन्थः काठमाडौं, नेपाली शिक्षा परिषद्।

ओझा, घनेन्द्र (२०६७), नेपाली गजल सिद्धान्त र विवेचनाः काठमाडौं, बि. एस. पुस्तक संसार।

जोशी, रत्नध्वज (२०३९), आधुनिक नेपाली साहित्यको झलकः काठमाडौं, साझा प्रकाशन। न्यौपाने, कोषराज (२०४५), 'मोतीरामः कवित्वका दुई प्रमुख धारा' मोती स्मृति ग्रन्थावलीः काठमाडौं, नेपाली शिक्षा परिषद्।

पाण्डे, नरदेव (२०५०), 'प्रस्तावना' कविवर मोतीराम भट्टको जीवनीः काठमाडौं, साझा प्रकाशन।

राकेश, रामदयाल र अन्य (२०४४), 'मोतीराम भट्ट र भारतेन्दु हरिश्चन्द्र' नेपाली कविताका विभिन्न आयामः काठमाडौं, साझा प्रकाशन।

रिसाल, राममणि (२०४५), नेपाली काव्य र कविः काठमाडौं, साझा प्रकाशन।

शम्र्मा, बसन्तकुमार (२०५८), नेपाली शब्दसागर(सम्पा.): काठमाडौं, साझा पुस्तक भण्डार।

शर्मा, तारानाथ (२०३९), नेपाली साहित्यको इतिहासः काठमाडौं, सङ्कल्प प्रकाशन।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुईंटेल (२०५६), नेपाली कविता र आख्यानः काठमाडौं, नवीन प्रकाशन,भोटाहिटी।

शर्मा, रमा ( २०४५), 'मेरो भनाइ' मोती ग्रन्थावली (सम्पा.): काठमाडौं, नेपाल युवा सेवा कोष।

श्रेष्ठ, रमेश (२०४९), नेपाली कविताका प्रवृत्तिः काठमाडौं, साझा प्रकाशन।

सुवेदी, राजेन्द्र (२०६८), नेपाली समालोचनाः परम्परा र प्रवृत्तिः काठमाडौं, पाठ्यसामग्री प्रकाशन।

त्रिपाठी, वासुदेव र अन्य (२०४६), नेपाली कविता भाग १ (सम्पा.): काठमाडौं, साझा प्रकाशन।